# 5 देखि 11 वर्षसम्मका बालबालिकाका लागि COVID-19 विरुद्ध खोप

120721 NEPALI

खाद्य तथा औषधि प्रशासन (Food and Drug Administration, FDA) ले 5 देखि 11 वर्षसम्मका बालबालिकाका लागि COVID-19 विरुद्ध खोपको लागि अधिकार दिएको छ। 5 देखि 11 वर्षसम्मका बालबालिकालाई लगाइने डोज वयस्कलाई लगाइने मात्राको एक भाग डोज हो। वयस्कहरूलाई जस्तै, बालबालिकालाई कम्तीमा तीन हप्ताको अन्तरमा दुईवटा डोज आवश्यक पर्छ।

## आमाबुवाहरूसँग प्रश्न र मिश्रित भावनाहरू हुन सक्छन्

तपाईंको बच्चालाई खोप लगाउने निर्णय लिनु तनावपूर्ण हुन सक्छ। केही समय लिएर प्रश्नहरूको सूची बनाई विश्वसनीय स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुभयो भने मद्दतपूर्ण हुन सक्छ। बाल चिकित्सक, औषधि बिक्रेता र स्कूल नर्सहरूले तपाईंका प्रश्नहरूको जवाफ दिन सक्छन्।

## 5 देखि 11 वर्षसम्मका बालबालिकाले किन खोप लगाउनुपर्छ?

COVID-19 विरुद्ध खोपले निम्न कुराहरू गर्न सक्छ:

- **तपाईंको बच्चालाई** COVID-19 भाइरस**को संक्रमण हुन**बाट **बचाउन मद्दत गर्न**
- तपाईंको बच्चालाई COVID-19 नलागेपनि **उनीहरूलाई गम्भीर रूपमा बिरामी हुनबाट बचाउन**
- **तपाईंको बच्चालाई विद्यालयमा राखी बाल स्याहारसम्बन्धी चुनौतीहरू कम गर्न।** पूर्ण रूपमा खोप लगाएका बालबालिकालाई लक्षणहरू नदेखिँदासम्म COVID-19 भएको कोही व्यक्तिको सम्पर्कमा आएमा उनीहरूलाई क्वारेन्टाइन बस्न आवश्यक पर्दैन
- अन्य व्यक्तिहरूलाई **COVID-19 सर्ने सम्भावना कम गर्न**

## के बालबालिकाका लागि COVID-19 विरुद्ध खोपहरू सुरक्षित छन्?

Pfizer खोप 12 वर्ष र सोभन्दा बढी उमेरका लाखौं वयस्क र बालबालिकालाई दिइएको छ।

- लगभग 3000 बालबालिकामा गरिएका परीक्षणहरूमा, 5 देखि 11 वर्षसम्मका बालबालिकामा COVID-19 संक्रमण रोक्न **COVID-19 विरुद्ध खोप सुरक्षित र प्रभावकारी भएको पाइएको थियो।**
- यो उमेर समूहमा खोपबाट **कुनै गम्भीर साइड इफेक्ट** देखिएको छैन। रोग नियन्त्रण तथा रोकथाम केन्द्र (Disease Control and Prevention, CDC) र FDA ले नजिकैबाट खोप निरीक्षण गरी रिपोर्ट गरिएका कुनै पनि साइड इफेक्टमा फलो अप गरिरहेको छ।
- **10 माइक्रोग्रामको सानो मात्रा** 5 देखि 11 वर्षसम्मका बालबालिकामा प्रभावकारी भएको थियो (यो वयस्क मात्राका लागि 30 माइक्रोग्राम हुन्छ)।
- बालबालिकालाई दिइने खोपलाई FDA, CDC र पश्चिमी राज्य वैज्ञानिक सुरक्षा समीक्षा कार्यसमूहद्वारा **समीक्षा गरी अधिकार** दिइएको थियो।

मायोकार्डिटिस (मुटु सुन्निने) विरलै हुन्छ तर यो COVID-19 विरुद्ध खोप लगाएपछि केही किशोरकिशोरी र युवा वयस्कहरू (50,000 मध्ये 1 जना) मा देखिएको एक गम्भीर अवस्था हो। खोप लगाएपछि 5 देखि 11 वर्षसम्मका बालबालिकाको परीक्षणमा 3,000 जना बालबालिकामध्ये कोही पनि मायोकार्डिटिसबाट पीडित भएनन्। COVID-19 विरुद्ध खोप लगाएपछि खोपको मात्रा कम भएका कारण स-साना बालबालिकामा मायोकार्डिटिस कम सामान्य हुने अपेक्षा गरिन्छ।



Multnomah County
Health Department

## साइड इफेक्टहरू के-के हुन्?



- कुनै पनि खोप लगाएपछि साइड इफेक्टहरू देखिनु भनेको शरीरले सुरक्षा निर्माण गर्दैछ भन्ने सामान्य सङ्केतहरू हुन्।
- 10-माइक्रोग्रामको सानो मात्रामा, दोस्रो मात्रा लगाएपछि ठूला उमेरका बालबालिकालाई भन्दा— कम ज्वरो आउने, कम चिसो लाग्ने जस्ता —कम साइड इफेक्टहरू देखिएका थिए।
- 5 देखि 11 वर्षसम्मका बालबालिकाका सामान्य साइड इफेक्टहरूमा घाउ हुने, रातो हुने वा पाखुरा सुन्निने, थकाइ लाग्ने, टाउको दुख्ने, मांसपेशी दुख्ने, चिसो लाग्ने, ज्वरो आउने वा वाकवाकी लाग्ने जस्ता समस्याहरू समावेश हुन सक्छन्। धेरैजसो साइड इफेक्टहरू केही दिनमा निको हुने छन्।
- यो विरलै हुन्छ तर केही मानिसहरूलाई खोप लगाएपछि गम्भीर एलर्जिक प्रतिक्रिया देखिएको छ। यी सबै मानिसहरूले तुरुन्तै चिकित्सा सहायता प्राप्त गरेका थिए।

## COVID-19 विरुद्ध खोपले:

- कोरोनाभाइरस **समावेश गर्दैन** र तपाईंको बच्चालाई COVID-19 हुन दिँदैन।
- तपाईंको बच्चाको DNA वा वंशाणुगत सामग्री परिवर्तन **गर्दैन** र DNA मा भण्डार हुँदैन
- बाँझोपन **निम्त्याउँदैन**।
- खोपको विकास धेरै वर्षको अनुसन्धानमा आधारित थियो।

| | वयस्क (12+) | बच्चा (5-11) |
|---|---|---|
| **डोजको मात्रा** | 30 माइक्रोग्राम | 10 माइक्रोग्राम |
| **मात्राहरूको सङ्ख्या** | 2 | 2 |
| **पहिलो र दोस्रो मात्रा बीचको हप्ताको सङ्ख्या** | 3 हप्ता | 3 हप्ता |

*परीक्षणहरूमा, खोपको कम मात्रा लगाएका बालबालिकामा 16 देखि 25 वर्षसम्मका मानिसहरूमा जस्तै भाइरस विरुद्धका सुरक्षा स्तरहरू समान हुन्छन्।*

## बालबालिकाले कहाँ गएर खोप लगाउन सक्छन्?

- बाल चिकित्साका लागि COVID-19 विरुद्ध खोपहरू फार्मेसी, चिकित्सकको कार्यालय, विद्यालय र अन्य सामुदायिक खोप क्लिनिकहरू जस्ता स्थानहरूमा उपलब्ध छन्।
- तपाईं यहाँ हेर्न पनि सक्नुहुन्छ:
  - Getvaccinated.oregon.gov
  - Vaccines.gov
  - मल्टनोमाह काउन्टी विद्यार्थी स्वास्थ्य केन्द्रहर (Multnomah County Student Health Centers) - multco.us/health/student-health
  - तपाईंलाई अतिरिक्त मद्दत आवश्यक परेमा 2-1-1 मा फोन गर्नुहोस् (दोभाषेहरू उपलब्ध छन्)